नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ती

सम्वत् २०७५ साल चैत्र ०६ गते हिमाली तथा पहाडी जिल्लाहरुमा र ०७ गते तराईका जिल्लाहरुमा रङ र खुसियाली साटासाटको पर्वका रुपमा मनाईने होली/फागु पर्वको अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपालीजनमा गृह मन्त्रालय हार्दिक शुभकामना व्यक्त गर्दछ ।

यस पर्वलाई धार्मिक एवम् सांस्कृतिक दृष्टिले मर्यादित र सभ्य ढंगले मनाउँदा मात्र होली/फागु पर्वको महत्व सिद्ध हुने हुँदा मर्यादित र सभ्य ढंगले मनाउनु हुन गृह मन्त्रालय सम्पूर्ण नेपालीजनमा हार्दिक अनुरोध गर्दछ । होली/फागु पर्व मनाउने नाममा कसैको इच्छा विपरीत जवरजस्ती, अमर्यादित, गैरकानूनी र उत्श्रृंखल किसिमका कुनै पनि व्यवहार गर्ने, अर्काको इच्छा विपरीत रंङ्ग दल्ने, प्लास्टिकजन्य लोला हान्ने, फोहोर छ्याप्ने, बाटोमा हिड्ने व्यक्तिहरुलाई दुःख, हैरानी तथा कष्ट दिने जस्ता कार्य प्रचलित कानून विपरित हुन् । कानून विपरितका कार्य तथा असभ्य व्यवहार कोही कसैले नगर्नु नगराउनुहुन गृह मन्त्रालय सबैमा हार्दिक अनुरोध गर्दछ । कोही कसैको इच्छा एवम् स्वीकृति वेगर यस प्रकारका कानून विपरित काम गरे गराएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सर्वसाधारण सबैको जानकारीका लागि अनुरोध छ ।

मितिः-२०७५/१२/०५

(रामकृष्ण सुवेदी)
प्रवक्ता/सह-सचिव